**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीबाट 62 हज़ार करोडभन्दा बढी मूल्यका विभिन्न युवा-केन्द्रित पहलहरूको अनावरण गर्नुहुनेछ।

२. केन्द्रीय कृषिमन्त्री शिवराज सिंह चौहानले केन्द्रीय कृषि विश्वविद्यालयहरूमा स्नातक तहका २० प्रतिशत सिटहरू भारतीय प्रतियोगी परीक्षामार्फत भर्ने घोषणा गर्नुभयो।

३. मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारको नेतृत्वमा आयोगको सम्पूर्ण टोली बिहार विधानसभा चुनावको तयारीको समीक्षा गर्न पटना पुगेको छ।

४. अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजामा युद्ध अन्त्य गर्ने उद्देश्यले गरिएको सम्झौतामा सहमत हुन हमासलाई आइतबारसम्मको समयसीमा तोक्नु भएको छ।

५. भारतले आज अहमदाबादमा वेस्ट इन्डिज विरुद्धको पहिलो क्रिकेट टेस्टको तेस्रो दिन ५ विकेट गुमाएर ४४८ रनदेखि अघि खेल्नेछ।

**प्रधानमन्त्री-युवा परियोजनाहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीबाट 62 हज़ार करोडभन्दा बढी मूल्यका विभिन्न युवा-केन्द्रित पहलहरूको अनावरण गर्नुहुनेछ। युवा सीप विकासको लागि एक ऐतिहासिक पहलमा, प्रधानमन्त्रीले देशभरका एक हज़ार सरकारी आईटीआई संस्थानहरूलाई स्तरोन्नति गर्न पीएम-सेतुको सुरुवात गर्नुहुनेछ। श्री मोदीले बिहारको लागि पुनर्गठित मुख्यमन्त्री निश्चय स्व-सहायता भत्ता योजनाको पनि सुरुवात गर्नुहुनेछ, जसले पांच लाख स्नातकहरूलाई दुई वर्षसम्म मासिक भत्ता एक हज़ार गरेर प्रदान गर्नेछ। श्री मोदीले उद्योग-उन्मुख पाठ्यक्रमहरू र व्यावसायिक शिक्षालाई प्रवर्द्धन गर्न बिहारमा जन नायक करपुरी ठाकुर स्किल विश्वविद्यालयको उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले बिहारका चार विश्वविद्यालयहरूमा नयाँ शैक्षिक र अनुसन्धान सुविधाहरूको शिलान्यास पनि गर्नुहुनेछ र बिहटामा एनआईटी पटनाको नयाँ क्याम्पस समर्पित गर्नुहुनेछ। श्री मोदीले ३४ राज्य र केन्द्र शासित प्रदेशहरूमा नवोदय विद्यालयहरू र एकलव्य मोडेल आवासीय विद्यालयहरूमा स्थापित १,२०० व्यावसायिक सीप प्रयोगशालाहरूको पनि उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले सीप दीक्षान्त समारोहमा आईटीआईका उत्कृष्ट विद्यार्थीहरूलाई पनि सम्मान गर्नुहुनेछ।

**शिवराज - कृषि विश्वविद्यालय**

कृषि शिक्षालाई ठूलो राहत प्रदान गर्दै कृषिमन्त्री शिवराज सिंह चौहानले केन्द्रीय कृषि विश्वविद्यालयहरूमा स्नातक तहका २० प्रतिशत सिटहरू भारतीय प्रतियोगी परीक्षामार्फत भर्ने घोषणा गर्नुभयो। भारतीय कृषि अनुसंधान परिषद एक राष्ट्र, एक कृषि, एक टीमको भावना अनुरूप सञ्चालन गर्नेछ। यो कदमले कक्षा १२ मा जीवविज्ञान, रसायन विज्ञान, भौतिक विज्ञान, गणित वा कृषि अध्ययन गर्ने विद्यार्थीहरूलाई **आईसीएआर राष्ट्रीय प्रवेश परीक्षा-सीयूईटी**मार्फत प्रवेश प्राप्त गर्न सक्षम बनाउनेछ।कृषिमन्त्रीले यो निर्णयले देशभरका विद्यार्थीहरूको लागि भर्ना प्रक्रियालाई सरल र एकरूप बनाउने बताउनु भएको छ।

यसले बी.एससी. कृषिमा प्रवेशसँग सम्बन्धित जटिलताहरूलाई पनि हटाउनेछ र लगभग तीन हज़ार विद्यार्थीहरूलाई फाइदा हुनेछ। श्री चौहानले यो परीक्षा शैक्षिक वर्ष २०२५-२६ देखि लागू हुने बताउनुभएको छ।

**शिवराज - बिहार**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहान आज बिहारको राजधानी पटनाको भ्रमण गर्नुहुनेछ। उहाँ पटनामा मखाना महोत्सव, रबी कार्यशाला र कृषि सल्लाहकार संवादमा भाग लिनुहुनेछ। श्री चौहानले वृक्षारोपण कार्यक्रममा पनि भाग लिनुहुनेछ। यस कार्यक्रममा किसानहरूका साथै किसान उत्पादक संगठनका सदस्यहरू पनि उपस्थित हुनेछन्।

**चुनाव आयोग - केन्द्रीय पर्यवेक्षकहरू**

मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले राजनीतिक दल, उम्मेदवार र मतदाताहरूको गुनासो सम्बोधन गर्न केन्द्रीय पर्यवेक्षकहरूलाई पूर्ण रूपमा उपलब्ध हुन निर्देशन दिनु भएको छ। बिहार विधानसभा चुनाव र केही राज्यहरूमा उपचुनावका लागि तैनाथ केन्द्रीय पर्यवेक्षकहरूलाई सम्बोधन गर्दै श्री कुमारले भन्नु भयो, चुनाव पर्यवेक्षकहरू लोकतन्त्रका प्रमुख स्तम्भ हुन्। उहाँले पर्यवेक्षकहरूलाई मतदान केन्द्रहरूको भ्रमण गर्न र आयोगले हालै सुरु गरेको मतदाता-सुविधा पहलहरूको कार्यान्वयन सुनिश्चित गर्न पनि निर्देशन दिनु भयो। नयाँ दिल्लीमा आयोजित बैठकमा २८७ भारतीय प्रशासनिक सेवा अधिकारीहरू, ५८ भारतीय पुलिस सेवा अधिकारीहरू र ८० अन्य अधिकारीहरूसहित ४२५ अधिकारीहरू उपस्थित थिए। आयोगले स्वतन्त्र र निष्पक्ष चुनाव सञ्चालन गर्न आयोगलाई सहयोग गर्न केन्द्रीय पर्यवेक्षकहरू नियुक्त गर्दछ। यी पर्यवेक्षकहरूले क्षेत्रीय स्तरमा चुनाव प्रक्रियाको कुशल र प्रभावकारी व्यवस्थापनको पनि निरीक्षण गर्छन्।

**बिहार – चुनाव आयोगको भ्रमण**

मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारको नेतृत्वमा आयोगको सम्पूर्ण टोली बिहार विधानसभा चुनावको तयारीको समीक्षा गर्न पटना पुगेको छ। प्रतिनिधिमण्डलमा चुनाव आयुक्त सुखबीर सिंह सन्धु र विवेक जोशी पनि छन्।निर्वाचन आयोगको टोलीले आज बिहान विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग भेटेर उनीहरूका सुझावहरूबारे छलफल गर्नेछ। आयोगले प्रशासनिक र पुलिस अधिकारीहरूसँग पनि बैठक गर्नेछ। यी बैठकहरूले प्रशासनिक र कानून व्यवस्थाको तयारीको समीक्षा गर्नेछ। आयोगले सबै उप-विभागीय आयुक्तहरू, पुलिस महानिरीक्षकहरू, उप महानिरीक्षकहरू, जिल्ला जिलाधिकारीहरु र पुलिस वरिष्ठ अधीक्षकहरूसँग बातचित गर्नेछ।आयोगले भोलि विभिन्न प्रवर्तन एजेन्सीहरूका नोडल अधिकारीहरूसँग पनि बैठक गर्नेछ। छलफलहरू स्वतन्त्र र निष्पक्ष चुनाव सुनिश्चित गर्ने र कालोधन कारोबार र मदिरा तथा लागूपदार्थको आपूर्तिलाई रोक्ने उपायहरूमा केन्द्रित हुनेछन्।आयोगले मुख्य चुनाव अधिकारी, राज्य पुलिस नोडल अधिकारीहरू र केन्द्रीय सशस्त्र पुलिस बलका नोडल अधिकारीहरूसँग पनि भेट गर्नेछ। आयोगले राज्यका मुख्य सचिव, बिहारका पुलिस महानिरीक्षक र अन्य वरिष्ठ अधिकारीहरूसँग पनि भेट गर्नेछ। बैठकमा आयोगले राज्यस्तरीय चुनाव सम्बन्धी समन्वय र व्यवस्थाको समीक्षा गर्नेछ। आयोगले भोलि दिउँसो २ बजे पत्रकार सम्मेलन गरी बिहार चुनावको तयारीको बारेमा जानकारी दिनेछ।

**पश्चिम बंगाल-ईसीआई - भ्रमण**

चुनाव आयोगको एक टोली, वरिष्ठ उप चुनाव आयुक्त ज्ञानेश भारतीको नेतृत्वमा ७ अक्टोबरमा पश्चिम बंगालको भ्रमण गर्नेछ अनि राज्यमा विशेष गहन संशोधन (एसआईआर) सम्बन्धी तयारीहरूको समीक्षा गर्नेछ। पश्चिम बंगालका सबै जिल्ला चुनाव अधिकारीहरू (डीईओहरू) भोलिपल्ट भिडियो कन्फरेन्समार्फत चुनाव आयोगको टोलीसँगको बैठकमा भाग लिनेछन्। चुनाव आयोगको टोलीले पश्चिम बंगालको मुख्य चुनाव अधिकारीको कार्यालयका अधिकारीहरूसँग पनि भेट गर्नेछ। उनीहरू राज्यका केही जिल्लाहरूको भ्रमण पनि गर्न सक्छन् र त्यसपछि ९ अक्टोबरमा नयाँ दिल्ली फर्कन सक्छन्।

**पीआईबी तथ्य जाँच - वायुसेना प्रमुख**

वायुसेना प्रमुख एयर मार्शल अमरप्रीत सिंहको कथित एआई-उत्पन्न भिडियोमा गरिएको दाबीलाई सरकारले खण्डन गरेको छ। प्रेस सूचना ब्यूरोको तथ्य-जाँच इकाईले उक्त भिडियो नक्कली र हेरफेर गरिएको बताएको छ। वायुसेना प्रमुखले त्यस्तो कुनै पनि बयान दिएका छैनन्। यी एआई-उत्पन्न भिडियोहरू जनतामा भ्रम फैलाउन र आतंक फैलाउन फैलाइएका छन्।

**जीएसटी छाला र फुटवियर**

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा घोषणा गरिएको जीएसटी बचत महोत्सवले समाजका सबै वर्गलाई फाइदा पुऱ्याइरहेको छ। आगामी पुस्ताको जीएसटी सुधारहरू भारतको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउनको लागि एक महत्त्वपूर्ण कदम हो। यी सुधारहरूले विभिन्न वस्तु र सेवाहरूमा कर दरहरू घटाएर मानिसहरूलाई उल्लेखनीय राहत प्रदान गरिरहेका छन्। आज, हामी छाला र फुटवियरमा जीएसटी कटौतीको फाइदाहरूमा रिपोर्ट प्रस्तुत गर्दछौं।

**ट्रम्प - हमास - समयसीमा**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजामा युद्ध अन्त्य गर्ने उद्देश्यले गरिएको सम्झौतामा सहमत हुन हमासलाई आइतबारसम्मको समयसीमा तोक्नु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै ट्रम्पले चेतावनी दिनु भएको छ, यदि आतंकवादी समूहले पालना गर्न अस्वीकार गरेमा उनीहरूले कडा कारबाहीको सामना गर्नुपर्नेछ। प्रस्तावलाई हमासका लागि अन्तिम मौका भन्दै उहाँले आइतबार साँझ ६ बजेसम्मको समय दिएको बताउनु भएको छ।

**क्रिकेट**

भारतले आज अहमदाबादमा वेस्ट इन्डिज विरुद्धको पहिलो क्रिकेट टेस्टको तेस्रो दिन पहिलो इनिङमा ५ विकेट गुमाएर ४४८ रन अघिदेखि खेल्नेछ। ध्रुव जुरेल, रवीन्द्र जडेजा र के.एल. राहुलको शतकले भारतलाई वेस्ट इन्डिजमाथि २८६ रनको महत्वपूर्ण अग्रता दिलाएको छ। हिजो दोस्रो दिनको खेल समाप्त हुँदा जडेजा १०४ र वाशिंगटन सुन्दर ९ रनमा थिए। ध्रुव जुरेलले १२५ र के.एल. राहुल १०० रनमा थिए।यसअघि, वेस्ट इन्डिज पहिलो इनिङमा १६२ रनमा अलआउट भएको थियो।

****** ० ******